# आकाशवाणी समाचार- नेपाली

मितिः ०३ मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. केन्द्रीय गृहमन्त्री अमित शाहले हिजो पश्चिम बंगालमा परिवर्तन यात्राको विशाल जमघटलाई सम्बोधन गर्नु हुँदै सरकारी कर्मचारी, युवा र नोकरी खोज्नेहरूका लागि धेरै महत्त्वपूर्ण घोषणाहरू गर्नु भयो।

२. मुख्यमन्त्री ममता ब्यानर्जीले आफ्नो परम्परागत विधानसभा क्षेत्र भवानीपुर जित्ने विश्वास व्यक्त गर्नु भयो।

३. पश्चिम बंगालमा आगामी विधानसभा चुनाउका तैयारीहरूको समीक्षा गर्नको लागि हिजो चुनाउ आयोगको एक प्रतिनिधि टीमले बैठक गऱ्यो।

४. तृणमूल कांग्रेसले हिजो पश्चिम बंगालको ८४ अनुसूचित जाति र अनुसूचित जनजाति बहुल विधानसभा क्षेत्रहरूमा मतदाताहरूसँग सम्पर्क गर्न ६० दिने व्यापक जनसम्पर्क योजना घोषणा गरेको छ।

५. एसआईआर प्रक्रियामा कथित रूपमा वैध मतदाताहरूको नाम हटाइएको विरोधमा वामपन्थीहरूले हिजो सिलगढ़ीमा व्यापक प्रदर्शन गरेको छ।

**अमित शाह - पश्चिम बंगाल**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिजो पश्चिम बंगालमा परिवर्तन यात्राको एक भागको रूपमा एक विशाल जमघटलाई सम्बोधन गर्नु हुँदै सरकारी कर्मचारी, युवा र नोकरी खोज्नेहरूका लागि धेरै महत्त्वपूर्ण घोषणाहरू गर्नु भयो। उहाँले भन्नु भयो, यदि भारतीय जनता पार्टी (भाजपा) ले राज्यमा सरकार बनायो भने, सरकारी कर्मचारीहरूले महँगी भत्ता र ४५ दिनभित्र सातौं वेतन आयोग लागू गर्नेछन्। उहाँले यसलाई लामो समयदेखि रोकिएको आर्थिक न्याय प्राप्त गर्ने दिशामा एक महत्त्वपूर्ण कदमको रूपमा वर्णन गर्नु भयो। दक्षिण २४ परगना जिल्लाको रायदीघी विधानसभा निर्वाचन क्षेत्रको भगवतीपुरमा आयोजित एक ऱ्यालीमा, केन्द्रीय गृहमन्त्रीले भन्नु भयो, बंगालका युवाहरूलाई रोजगारी प्रदान गर्नु र सरकारी कर्मचारीहरूलाई उनीहरूको उचित अधिकार सुनिश्चित गर्नु भाजपाको प्राथमिकतामा छ। राज्यमा सबै रिक्त सरकारी पदहरू भर्ने प्रक्रिया डिसेम्बर २६ मा सुरु हुनेछ। भर्ती प्रक्रियामा ढिलाइका कारण पीडित युवाहरूलाई रोजगारीका अवसरहरू पुन: प्राप्त गर्न सक्षम बनाउन पाँच वर्षको विशेष उमेर छुट दिइनेछ। उहाँले भन्नु भयो, रोजगार खोज्नेहरूको विश्वास पुनर्स्थापित गर्न राज्यमा पारदर्शी र योग्यतामा आधारित भर्ती प्रणाली लागू गरिनेछ। भर्ती प्रक्रियामा पारदर्शिताको अभावका कारण युवाहरूले लामो समयदेखि दुःख भोग्दै आएको र भाजपाको सरकार बनेमा यो अवस्था परिवर्तन हुने उहाँले बताउनु भएको छ।

सरकारी कर्मचारीहरूको मुद्दामा बोल्नु हुँदै श्री अमित शाहले भन्नु भयो, सातौं वेतन आयोगको कार्यान्वयनले कर्मचारीहरूलाई आर्थिक स्थिरता प्रदान गर्नेछ र प्रशासनिक प्रणालीलाई बलियो बनाउनेछ।

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज नेताजी इन्डोर स्टेडियमबाट कल्याणी एक्सप्रेसवेको उद्घाटन गर्नुभयो। यस परियोजनाको लागत लगभग ३,५०० करोड रुपियाँ रहेको छ। उद्घाटन समारोहको क्रममा, मुख्यमन्त्रीले एसआईआर दुर्घटनामा मृत्यु भएका राज्यका ३६ बासिन्दाहरूको परिवारका प्रत्येक सदस्यलाई रोजगार नियुक्ति पत्र पनि प्रदान गर्नुभयो। त्यसपछि उहाँले होली उत्सवको आनन्द लिनु भयो र उपस्थितहरूले उहाँलाई स्वागत गरे। कल्याणी एक्सप्रेसवे कोलकाता र कल्याणीबीचको ४०

किलोमिटर लामो, अत्याधुनिक, ४/६ लेन, सिग्नल-रहित मार्ग हो, जसमा जम्मा २१ फ्लाईओभरहरू छन्। एउटा छेउ निमतामा रहेको बेलघरिया एक्सप्रेसवेसँग जोडिएको छ, जबकि अर्को छेउ गंगामाथि निर्माणाधीन ईश्वर गुप्ता पुल र राष्ट्रिय राजमार्ग १२ सँगको प्रमुख जंक्शनसँग जोडिएको छ। यो मार्ग खोल्दा उत्तर २४ परगना र नादिया जिल्लाहरू बीच कोलकातासँग छिटो र सजिलो सम्पर्क प्रदान गर्नेछ। पहिले, यो दूरी लगभग दुई घण्टा लाग्थ्यो, तर नयाँ सुपरहाइवेले ट्राफिक जामबाट बच्न यात्रा समय आधा घटाउनेछ।प्रशासनको दाबी छ कि पश्चिम बंगाल राजमार्ग विकास निगम लिमिटेड अन्तर्गत निर्माण गरिएको एक्सप्रेसवेले यस क्षेत्रमा उद्योग, वाणिज्य र रोजगारीका अवसरहरूलाई बढावा दिनेछ। मृतकका परिवारहरू मुख्यमन्त्रीबाट होमगार्ड पदका लागि नियुक्ति पत्र प्राप्त गरेपछि सरकार र मुख्यमन्त्रीलाई धन्यवाद दिन पुगे।

**मुख्यमन्त्री ममता ब्यानर्जी**

नेताजी इन्डोर स्टेडियममा होली र डोला पर्वको अवसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री ममता ब्यानर्जीले आफ्नो परम्परागत विधानसभा क्षेत्र भवानीपुर जित्ने विश्वास व्यक्त गर्नु भयो। उहाँले दाबी गर्नु भयो, एसआईआर प्रक्रिया अन्तर्गत ६० हजार नामहरू हटाइएका कारण उहाँको मत प्रतिशत घट्न सक्छ, तर उहाँ कम्तिमा एक मतले भए पनि जित्ने निश्चित हुनुहुन्छ। विशेष गरी मतदाता सूचीमा भएको कथित अनियमिततालाई उल्लेख गर्नु हुँदै मुख्यमन्त्रीले भन्नु भयो, उहाँको निर्वाचन क्षेत्रबाट लगभग ६० हजार मतहरू हटाइँदैछन्। उहाँले भन्नु भयो, "म स्तब्ध छु। तिनीहरू अमानवीय र प्रतिशोधपूर्ण व्यवहार गरिरहेका छन्। कमजोर मानिसहरू पछाडिबाट लड्छन्। तिनीहरूले जानाजानी नामहरू हटाइरहेका छन्। मेरो भवानीपुर निर्वाचन क्षेत्रबाट ६० हजार मतहरू हटाइँदैछन्, तर यसको बाबजुद पनि, म भन्छु, म भवानीपुर जित्नेछु, एक मतले पनि।"मुख्यमन्त्री ममताले आरोप लगाउनु भयो, राज्यका १ करोड २० लाख मानिसहरूलाई मतदान गर्ने अधिकारबाट वञ्चित गरिएको छ र धेरै वास्तविक मतदाताको नाम मतदाता सूचीबाट हटाइएको छ।

**चुनाउका तैयारीहरूको समीक्षा गर्न बैठक**

पश्चिम बंगालमा आगामी विधानसभा चुनाउका तैयारीहरूको समीक्षा गर्नको लागि हिजो चुनाउ आयोगको एक प्रतिनिधि टीमले बैठक गऱ्यो। बैठकमा सीनियर डेप्युटी इलेक्शन कमिश्नर, डेप्युटी इलेक्शन कमिश्नर औ आयोगका अन्य वरिष्ठ अधिकारीगण उपस्थित थिए। प्रतिनिधि टीमले भीडियो कन्फ्रेन्सको माध्यमबाट राज्यको पुलिस, प्रशासन, मुख्य निर्वाचन अधिकारी, राज्य पुलिसको नोडल अधिकारी, केन्द्रिय बलहरूका नोडल अधिकारी तथा विभिन्न प्रवर्तन एजेन्सीहरूका नोडल अधिकारीहरूको साथमा चरणबद्ध बैठकहरू गऱ्यो।
बैठक राज्यको मुख्य निर्वाचन अधिकारी कार्यालयमा आयोजना गरिएको थियो जसमा मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाल, राज्यका विशेष पर्यवेक्षक सुब्रत गुप्ता, अतिरिक्त मुख्य निर्वाचन अधिकारी दिव्येन्दु दास, अरिन्दम नियोगी, राज्य पुलिसको नोडल अधिकारी आनन्द कुमार औ अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए। बैठकको उद्देश्य राज्यमा चुनावी तैयारी, सुरक्षा व्यवस्था औ सबै सम्बन्धित एजेन्सीहरूको समन्वयको समीक्षा गर्नुथियो ताकि शान्तिपूर्ण एवं व्यवस्थित मतदान सुनिश्चित गर्न सकियोस्।

**जनसम्पर्क योजना घोषणा**

तृणमूल कांग्रेसले हिजो पश्चिम बंगालको ८४ अनुसूचित जाति र अनुसूचित जनजाति बहुल विधानसभा क्षेत्रहरूमा मतदाताहरूसँग सम्पर्क गर्न ६० दिने व्यापक जनसम्पर्क योजना घोषणा गरेको छ। तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीले पार्टी कार्यकर्ताहरूलाई भन्नु भयो, होलीपछि ५ मार्चबाट सुरु हुने यो योजना "तपशीलीर संवाद" अभियानको रूपमा लागू गरिनेछ र एससी र एसटी समुदायहरू विरुद्ध भाजपाको कथित अन्यायलाई उजागर गर्नेछ, साथै विधानसभा चुनावको तयारीमा राज्य सरकारको कल्याणकारी योजनाहरूलाई पनि प्रचार गर्नेछ।
श्री अभिषेक ब्यानर्जीले भन्नु भयो, प्रत्येक गाडीमा तीनदेखि पाँच सदस्यहरूको टोलीले लक्षित निर्वाचन क्षेत्रहरूमा गाउँ र बुथहरूमा यात्रा गर्नेछ र आम जनतासँग अन्तरक्रिया गर्नेछ।

**एसआईर प्रक्रियालाई लिएर वामको प्रदर्शन**

विशेष गहन पुनरीक्षण एसआईआर प्रक्रियामा कथित रूपमा वैध मतदाताहरूको नाम हटाइएको विरोधमा वामपन्थीहरूले हिजो सिलगढ़ीमा व्यापक प्रदर्शन गरे।
प्रदर्शनकारीहरूले सिलगढ़ी महकुमा जिल्लाधिकारी कार्यालय बाहिर लगभग 20 मिनटसम्म मुख्य सड़कलाई जाम गरिदिए। पछि प्रशासनलाई ज्ञापन सुम्पिइएपछि अवरोधलाई हटाइयो। प्रदर्शनकारीहरूको आरोप छ, एसआईआर प्रक्रिया अवधि केही वैध मतदाताहरूको नाम सूचीबाट हटाइएको छ भने अर्कोतिर दस्तावेज जमा गराउने मानिसहरूलाई अनावश्यक समस्याको सामना गर्न परिरहेको छ।
वाम पार्षद सर्देन्दु चक्रवर्तीले भन्नु भयो, जुन मानिसहरूको नाम एसआईार प्रक्रियामा रोकिएको छ, यो एक सुनियोजित षड़यन्त्र प्रतीत भइरहेको छ। चुनाउ आयोगले यस सम्पूर्ण मामिलाको निष्पक्ष जाँच गर्नुपर्छ अनि कुनै राजनीतिक चापमा नपरी निर्णय लिनुपर्छ। उहाँले यो पनि आरोप लगाउनु भयो, सिलगढ़ीकी गौरव तथा भारतीय महिला क्रिकेट टीमकी सदस्य ऋचा घोषको नाम समेत 'विचाराधिन' श्रेणीमा राखिएको छ। उहाँले भन्नु भयो, एक अन्तर्राष्ट्रिय स्तरकी खेलाड़ीको नाम यसरी लम्बित रहनु हाम्रो विवेकदेखि परको कुरा हो।

**जलपाईगुड़ीमा केन्द्रिय सुरक्षा बलहरूको रूट मार्च**

पश्चिम बंगालमा आगामी विधानसभा चुनाउलाई मध्यनजर गर्दै सुरक्षा व्यवस्थालाई लगातार कड़ा बनाइँदैछ। यसै क्रममा जलपाईगुड़ी जिल्लाको राजगञ्ज विधानसभा क्षेत्रस्थित आमबाड़ी क्षेत्रमा केन्द्रिय सुरक्षा बलहरूले हिजो फ्ल्याग मार्च (रूट मार्च) गरे। प्रशासन अनुसार निष्पक्ष अनि शान्तिपूर्ण मतदान सुनिश्चित गर्ने उद्देश्यले यो कदम उठाइएको हो। हिजो केन्द्रिय बलका जवानहरूले आमबाड़ीको बिजनेस कलनी, सुदामगंज, वोटपाड़ा औ साहेबपाड़ासहित केही संवेदनशील क्षेत्रहरूमा पैदल मार्च गरे। यस अवधि स्थानीय थाना पुलिस पनि उनीहरूको साथमा थियो।रूट मार्चमा भोरर आलो थानाका प्रभारी अधिकारी (ओसी) औ अन्य पुलिस अधिकारीहरू सामेल थिए। जवान तथा पुलिस अधिकारीहरूले क्षेत्रमा कानून-व्यवस्थाको स्थितिको जायजा लिए अनि स्थानीय मानिसहरूसित सम्वाद गरेर उनीहरूलाई भरोसा दिलाए कि चुनाउ अवधि सुरक्षाको पुख्ता व्यवस्था गरिनेछ।

**दार्जिलिङमा केन्द्रिय बल तैनात**

पश्चिम बंगाल विधानसभा चुनाउ 2026 लाई केन्द्र गरेर दार्जिलिङ बजारमा केन्द्रिय बलको एक कम्पनी तैनात गरिएको छ। हिजोदेखि दार्जिलिङको सदर थानाबाट रुट मार्च शुरू गरिएको बताइएको छ। दार्जिलिङ टाउन, डीएसपी उज्ज्वल सरकारले दार्जिलिङ लगायत पुलबाजार अनि जोरबंगलो क्षेत्रमा पनि रुट मार्च गरिने बताउनु भएको छ।

**बक्सा जंगलमा शिकार गर्ने चार शिकारी पक्राउ**

डोल पर्वको ठीक अगाड़ी शिकार गर्न बक्सा टाइगर रिजर्भ वनमा प्रवेश गरेका चारजनालाई वन विभागको शिकार विरोधी टोलीले पक्राउ गरेको छ। यो कारबाही आइतवार अबेर भोल्का रेन्जको च्याङमारी बीट क्षेत्रमा गरियो। यद्यपि, उनीहरूका अन्य साथीहरू झाड़ीहरू हुँदै र असमतिर संकोश नदी पार गरेर भागे।

बक्सा टाइगर रिजर्भ (पूर्व) का उपक्षेत्रीय निदेशक देवाशिष शर्माले हिजो भन्नु भयो, लगभग दश शिकारीहरूको समूह रातमा धनुष-काड़ लिएर जंगलमा प्रवेश गरेको थियो। शिकार विरोधी टोलीलाई देखेपछि उनीहरू भाग्नथाले। उनीहरूलाई पछयाएर चारजनालाई पक्राउ गरियो।

****** ० ******